१५१ औं बैठक

आज मिति २०८२।०५।११ गते दिउँसो १२:०० बजे यस मेलौली नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री भिम बहादुर चन्दज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमको उपस्थितिमा निम्न बमोजिमका प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु पारीत गरीए ।

तपसिलः शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा समायोजन भएका विद्यालयको शिक्षक सख्याको व्यवस्था स्पष्ट नभएको, अनुहार हेरेर कसैलाई फाइदा दिने नियतले निर्णय गरिएकोले मेरो असहमति छ। [signature]

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भिम बहादुर चन्द | नगर प्रमुख | [signature] |
| २ | श्री पार्वती बोहरा (विष्ट) | नगर उपप्रमुख | |
| ३ | श्री शरद सिंह नेगी | १ नं. वडा अध्यक्ष | [signature] |
| ४ | श्री कृष्ण दत्त भट्ट | २ नं. वडा अध्यक्ष | [signature] |
| ५ | श्री गगन सिंह भाट | ३ नं. वडा अध्यक्ष | [signature] |
| ६ | श्री हर्क बहादुर चन्द | ४ नं. वडा अध्यक्ष | [signature] |
| ७ | श्री भरत सिंह पुजारा | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री तारा दत्त भट्ट | ६ नं. वडा अध्यक्ष | [signature] |
| ९ | श्री राम चन्द्र भट्ट | ७ नं. वडा अध्यक्ष | [signature] |
| १० | श्री तपेन्द्र सिंह विष्ट | ८ नं. वडा अध्यक्ष | [signature] |
| ११ | श्री लोक राज भट्ट | ९ नं. वडा अध्यक्ष | [signature] |
| १२ | श्री नन्दा ओझा (भट्ट) | कार्यपालिका सदस्य | |
| १३ | श्री मानमति कामी | कार्यपालिका सदस्य | |
| १४ | श्री धाना चन्द | कार्यपालिका सदस्य | [signature] |
| १५ | श्री पार्वती भट्ट (ओझा) | कार्यपालिका सदस्य | |
| १६ | श्री धाना तिरुवा (वि.क.) | कार्यपालिका सदस्य | |
| १७ | श्री विजय पोखरेल | कार्यपालिका सदस्य | [signature] |
| १८ | श्री सुरेश परियार | कार्यपालिका सदस्य | [signature] |
| १९ | श्री धरम सिंह दयाल | कार्यपालिका सदस्य | [signature] |
| २० | श्री नारायण बहादुर चन्द | सदस्य सचिव | [signature] |

CamScanner

प्रस्तावहरुः

प्रस्ताव न. १, शिक्षा समितिको निर्णय अनुमोदन सम्वन्धमा ।
प्रस्ताव न. २, प्रमुख प्रशासकीय अधिकृत सम्वन्धमा ।

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

भिम बहादुर चन्द
नगर प्रमुख

नारायण बहादुर चन्द
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## निर्णयहरुः

**निर्णय नं. १,** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा २०८२ मेलौली नगरपालिकाको नगर शिक्षा समितिको मिति २०८२।०५।०८ गतेको बैठकका तपसिलबमोजिमका निर्णयहरु अनुमोदन गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरीयो ।

- विद्यालय समायोजन सम्बन्धमा तपसिल बमोजिम गर्ने

  श्री शिक्षा विकास तथा समन्वय इकाई बैतडीको च.नं. ८० मिति २०८२।०४।२८ गतेको प्राप्त पत्रानुसार सार्वजनिक विद्यालय समयोजन एवम् एकिकरण कार्यक्रम कार्यान्वयन कार्यविध, २०७७ का मापदण्डहरुका आधारमा विद्यालय समायोजन गर्ने र शिक्षक शिक्षकहरुको व्यवस्थापन गर्ने ।

**तपसिलः**

१. कक्षा आंशिक समायोजन हुने तथा पुर्ण समायोजन हुने विद्यालयका विद्यार्थिहरुका लागि अनुमानित पैदल दुरी ३० मिनेटदेखि ४५ मिनेटभित्र भएको सोही तहको अर्को विद्यालय भएमा सो विद्यालयमा जान सक्ने अवस्थाको एकीन गर्ने ।

२. विद्यालयको विद्यार्थी संख्यालाई आधार बनाउँदा हाल विद्यालय संरचनाको सुरक्षा हाल अध्ययनरत बालबालिकाको उमेर कम भएका पुर्व बालविकास र कक्षा १-३ का विद्यार्थीको हिडडुलको अवस्थाका आधारमा विद्यार्थी चालु शैक्षिक सत्रमै अन्यत्र जान नसक्ने बालवालिकाको आवश्यक्ता संबोधन गर्न बहुकक्षा शिक्षण गर्ने गरी बालविकास देखि कक्षा ३ सम्म संचालन अनुमति कायम राखी दरवन्दी कटौती गरी कक्षा १ सम्म कार्यालय सहयोगी १ र बालविकास सहयोगी १ कायम गर्ने तथा कक्षा ३ सम्म संचालन गर्दा कार्यालय सहयोगी १, शिशु १ र शिक्षक दरवन्दी १ राखी विद्यालय सुचारु राख्ने ।

३. विद्यालय समायोजन गर्दा हाल वालविकास कक्षा मा मात्र विद्यार्थि रहेका र विद्यार्थि संख्या १० भन्दा कम भएमा विद्यालय पुर्ण समायोजन गर्ने ।

शिक्षक संख्याको सम्बन्धमा भएको निर्णयमा मेरो असहमति

| क्र.सं. | विद्यालयको नाम | नगर शिक्षक संख्या | स्थायी शिक्षक संख्या | का.स | बा.वि.के. शिक्षक | राहत शिक्षक संख्या | जम्मा विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात कायम | समायोजन तथा कक्षा कायम | शिक्षक हाजिरी हुने स्थान र विद्यालय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नैनेश्वरी आ.वि.सिराड मे.न.पा.-१ | १ | ० | १ | १ | ० | २३ | १/१/१ | कक्षा-३ | कार्यरत नगर शिक्षक लाई गोपाग्वल आ.वि.मा हाजिर हुन प्रत्राचार गर्ने । |
| २ | केदारेश्वर आ.वि.अम्तडी , मे.न.पा.-१ | १ | ० | १ | १ | १ | २१ | १/१/१ | कक्षा-३ | का.स./बा.वि.के./नगर शिक्षक कायम रहने र राहत शिक्षकालाई नैनेश्वरी आ.वि.सिराडमा हाजिर हुन पत्राचार गर्ने । |
| ३ | जनचेतना आ.वि.नडरौं, मे.न.पा.-१ | १ | ० | १ | २ | ० | १९ | १/१/१ | कक्षा-३ | नगरको १ शिशु शिक्षकलाई दुर्गा आ.वि.जर्कुमा हाजिर हुन पत्राचार गर्ने । |
| ४ | भुमिराज आ.वि.ब्यौराडी, मे.न.पा.-२ | १ | ० | १ | | २ | ५ | ० | पुर्ण समायोजन | नगर शिक्षक भवानीस्थान १ राहत कोटेश्वर आ.वि./१,राहत शिक्षक/का.स./धर्मधर मा.वि.मा समाहित |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | पितृपुर आ.वि.सेली, मे.न.पा.-२ | १ | १ | १ | १ | | | १/१ | कक्षा-१ | स्थायी दरवन्दि दुर्गा मा.वि./नगरअनुदान सुदर्शन मा.वि. समाहित |
| ६ | भवानिस्थान आ.वि.भोरा, मे.न.पा.-२ | ० | ३ | १ | ० | ० | २१ | १/१/१ | कक्षा-३ | स्थायी १ जना धर्मघर<br>स्थायी १ जना केदार आ.वि.कुजागाड |
| ७ | सुनौला आ.वि.तितावै, मे.न.पा.-४ | १ | ० | १ | १ | | ९ | १/१/१ | पुर्ण समायोजन | १ नगर शिक्षक खाली भएकोमा नँया अनुमति रोक्का का.स./वा.वि.के.विजयपुर मा.वि.तितावैमा समाहित |
| ८ | शिवशंकर आ.वि.पेल्या, मे.न.पा.५ | १ | ० | १ | १ | २ | ११ | १/१/१ | कक्षा-३ | १ राहत शिक्षक सुदर्शन मा.वि./ नगर शिक्षक दुर्गा मा.वि.मा काजमा पठाउने |
| ९ | महारुद्र आ.वि.-५ | १ | ० | १ | १ | ० | २३ | १/१/१ | कक्षा-३ | एथावत |
| १० | नेत्रज्योती आ.वि.-काडौ, मे.न.पा.-७ | १ | ० | १ | १ | २ | २१ | १/१/१ | कक्षा-३ | १ राहत मणिलेक मा.वि./नगर अनुदान लक्ष्मीपुर आ.वि.पचकोरा हाजिरका लागि पत्राचार गर्ने |
| ११ | नवज्योती आ.वि. जिमिरा, मे.न.पा. -९ | १ | ० | १ | १ | ० | १० | १/१/१ | कक्षा-१ | नगर शिक्षक लाई शिव आ.वि.मा हाजिर हुने पत्राचार गर्ने । |

समायोजन भएका विद्यालयका शिक्षकको संख्या गर्ने स्पष्ट व्यवस्था बिना गलत बाटो बाट शिक्षक संख्या गरिएकोले उक्त निर्णय मान्य हुँदैन

- **दरबन्दी तथा काज सम्बन्धमा**

  विद्यालय समायोजन भएका विद्यालयबाट प्राप्त शिक्षक दरवन्दिलाई हाल तत्कालका लागि माथिल्लो तहको कक्षा सञ्चालनमा रहेका विद्यार्थी संख्या बढी रहेका विद्यालयमा काजमा खटाई काममा लगाउने र उक्त दरवन्दिलाई नगरको पुल दरवन्दीमा राखि विद्यालयहरुको अवस्थाको थप अध्ययन गरि समितिको आगामि बैठकबाट नगरपालिका भित्रका विद्यालयहरुमा उक्त दरवन्दि समायोजन गर्ने निर्णय गरियो।साथै उक्त समायोजन गरिएका विद्यालयहरुले विद्यालयको सुधार गरि विद्यार्थी संख्या थपिदै गएमा उक्त विद्यालयहरुलाई पुनःदरवन्दी थप गर्दै लगिने आवस्यक व्यवस्था मिलाउने ।

- **विद्यालयका भौतिक संरचना संरक्षण तथा प्रयोग सम्बन्धमा**

  पूर्ण रुपमा समायोजनमा परेका विद्यालयहरुको भौतिक संरचनाको संरक्षण तथा प्रयोगको जिम्मेवारी तत्कालका लागि सुनौला आ.वि.को विजयपुर मा.वि.तितावैको रहने र भुमिराज आ.वि. वेउराडीको संरक्षणको जम्मा धर्मघर मा.वि.सलेनाको रहने गरि परिपत्र गर्ने र सो सम्वन्धमा थप व्यवस्थापन सम्वन्धमा आगामी वैठकवाट आवश्यक निर्णय गर्ने ।

- **प्रधानाध्यापक छनौट सम्बन्धमा**

  शिक्षा विकास तथा समन्वय इकाइ वैतडीको प.सं.-२०८२/०८३ च.नं.-८१,र मिति २०८२/०४/३० गतेको प्राप्त पत्रानुसार सामुदायिक विद्यालयहरुमा प्रधानाध्यापक व्यवस्थापन सम्वन्धी व्यवस्थाका लागि शिक्षा नियमावलीले निर्धारण गरेको नियम ८३ वमोजिम र मेलौली नगरपालिकाको विद्यालय शिक्षा सञ्चालन व्यवस्थापन तथा नियमन कार्यविधी २०७६, अनुसार यस शैक्षिक सत्रभित्रै लागु हुने गरि सम्वन्धित सम्पुर्ण सामुदायिक विद्यालयहरुलाई प्रधानाध्यापक छनोट प्रकृया अगाडी बढाउनका लागि शिक्षा नियमावलीको प्र.अ. व्यवस्थापन तथा सञ्चालन नियमावलीको परिच्छेद ८ को दफा १२ वमोजिम विज्ञापन आहवान गर्नका लागि पत्राचार गर्ने र सो निर्णय कार्यान्वयन नगर्ने विद्यालयहरुका प्रधानाध्यापकका नाममा सञ्चालन भएको खाता रोक्का गर्ने ।

... चन्द      ... चन्द

- **प्रधानाध्यापकको उम्मेदवारी सम्बन्धमा**

  यस मेलौली नगरपालिकाको विद्यालय शिक्षा सञ्चालन, व्यवस्थापन तथा नियमन कार्यविधी, २०७६ को नियम ७१ को ४ मा सम्वन्धीत विद्यालयका सम्पुर्ण शिक्षक स्टाफहरुको आफु प्रधानाध्यापक हुन नचाहेको भन्ने ब्यहोराको लिखित निवेदन प्राप्त भएमा एउटै व्यक्तिले दुई कार्यकाल भन्दा थप अवधीका लागी समेत प्रधानाध्यापक पदको उम्मेदवार हुन पाइने छ भन्ने बुँदा थप गर्ने ।

<u>निर्णय न. २.</u> प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री नारायण बहादुर चन्दले स्वास्थ्य समस्याको कारणले राजिनामा दिइसकेकाले यथाशिघ्र प्रमुख प्रशासकीय अधिकृत खटाइ पठाइदिनका लागि श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाण्डौलाई अनुरोध गर्ने र मन्त्रालयबाट प्रमुख प्रशासकीय अधिकृत खटिई नआएसम्मका लागि कार्यालयका दैनिक प्रशासनिक तथा आर्थिक कार्यहरु सुचारु गर्न अत्यावश्यक भएकाले जेष्ठताका आधारमा यस कार्यालयमा स्थानीय प्रशासन सेवा सामान्य प्रशासन समुह अधिकृत सातौ पदमा कार्यरत श्री सपना कार्की (कर्मचारी संकेत नं. २३६६४२) लाई आर्थिक अख्तीयारी सहित निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी प्रदान गरिदिनका लागी समेत मन्त्रालयमा अनुरोध गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरीयो ।

नारायण बहादुर चन्द
प्रमुख प्रशासकीय अधिकृत

भिम बहादुर चन्द
नगर प्रमुख